# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको ७०औं बैठकका निर्णयहरू
### २०७९ असार २९ गते बुधबार बिहान ७.३० बजे

निर्णय नं. १

भरतपुर महानगरपालिकाभित्र जन्मेका छोरीहरुको १५ बर्षे जीवन विमा कार्यविधि, २०७९, ७०००। (सात हजार) लिटरसम्मको खानेपानी बील भुक्तानी सम्वन्धी कार्यविधि, २०७९ र भरतपुर महानगरपालिकाको आन्तरिक कार्यसञ्चालन कार्यविधि, २०७९ परिमार्जन सहित पारित गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. २

भू-उपयोग ऐन, २०७६ तथा भू-उपयोग नियमावली, २०७९ बमोजिम भरतपुर महानगरपालिका भित्रको जग्गा वर्गीकरणका लागि सम्वन्धित वडाको वडाध्यक्षको संयोजकत्वमा वडा समिति, मालपोत कार्यालयका प्रतिनिधि, महानगरका नापी कर्मचारी र आवश्यकता अनुरुप विज्ञ समेत रहने समिति गठन गरी महानगरपालिका भू-उपयोग परिषद समक्ष सिफारिश गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ३

भरतपुर महानगरपालिकाको भित्रका सार्वजनिक जग्गा संरक्षणका लागि देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

संयोजक- विकास थापा – वडाध्यक्ष वडा नं ३

सदस्य- विष्णु बहादुर भुजेल- कार्यपालिका सदस्य

सदस्य - दिपक दवाडी- वडाध्यक्ष वडा नं २३

सदस्य - यमलाल कँडेल- वडाध्यक्ष वडा नं ९

सदस्य - राजेन्द्र साँखी - वडाध्यक्ष वडा नं १४

सदस्य- नर्वदा सापकोटा - कार्यपालिका सदस्य

निर्णय नं. ४

भरतपुर महानगरपालिकाको गत आ.व. २०७७/७८ र आ.व. २०७८/७९ मा सम्पन्न हुन नसकेका उपभोक्ता समिति र निर्माण व्यवसायीद्धारा सञ्चालित योजनाहरुको म्याद २०७९ असार २५ गतेसम्म थप

गर्ने निर्णय गरियो । यस्ता योजनाहरुको भुक्तानी दिन बाँकी रहेको भएमा आगामी आ.ब. को भुक्तानी बाँकी शीर्षकमा बजेट राखी भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

भरतपुर महानगरपालिकामा प्रदेश पूर्वाधार साझेदारी कार्यक्रमतर्फका र प्रदेश ससर्त, समपुरक र बिशेष अनुदानतर्फका आयोजनाहरुमध्ये उपभोक्ता समिति र निर्माण व्यवसायीद्धारा सञ्चालित आयोजनाहरुको काम समाप्त भइ भुक्तानीको प्रक्रिया गर्दा गर्दै CIGAS र SUTRA २५ गते राती बन्द भई भुक्तानी गर्न बाँकी रहेका योजनाहरुको म्याद थप गरी भुक्तानी हुन बाँकी आयोजनाको लिष्ट र रकम वागमती प्रदेश सरकारमा पठाई भुक्तानी हुन बाँकी बरावरको रकम थप निकासाको लागि अनुरोध गर्ने सर्वसम्मतीले निर्णय गरियो ।

निर्णय नं. ६

उपभोक्ताको लागत सहभागिता जुटाई ठेक्कामार्फत सञ्चालन भएका आयोजनाहरुको ठेक्का बोल कबोल हुँदा जति कम प्रतिशत रकम घटी कबोल भएको छ त्यति नै प्रतिशतले हुन आउने उपभोक्ताको लागत रकम फिर्ता भुक्तानी गर्ने सर्वसम्मतीले निर्णय गरियो।

निर्णय नं. ७

भरतपुर महानगरपालिका मातहत संचालनमा रहेको केन्द्रीय बस टर्मिनल र पोखरा बसपार्क सञ्चालन गर्नका लागि आय ठेक्का नं. Metro/bhr/0/ncb/100/077/78 बमोजिम आ.ब. ०७८/७९ देखी ०८०/८१ सम्म तीन आर्थिक बर्षका लागि रु १२,५५,४४,३४५ ( अक्षेरुपी बाह्र करोड पचपन्न लाख चौवालिस हजार तीन सय पैतालिस मात्र) बसपार्क सञ्चालन तथा व्यवस्थापन गर्नका लागि भरतपुर महानगरपालिका नगर कार्यपालिका कार्यालय र आर्जन कन्सट्रक्सन एण्ड सप्लायर्सबीच मिति २०७८/४/२५ मा सम्झौता भइ सोही बमोजिम सञ्चालन हुदै आएकोमा सम्झौता बमोजिमको भुक्तानी तालिका अनुसार दोस्रो पक्षले २०७८/१२/३० भित्र पहिलो बर्षको किस्ता दाखिला गरिसक्नु पर्नेमा दाखिला हुन नआएकोले पटक पटक पत्रचार गरिएको र सो पत्रसमेतलाई अवज्ञा गरिरहेको सम्वन्धमा यस कार्यपालिकाको बैठकमा छलफल हुँदा दोस्रो पक्ष आर्जन कन्सट्रक्सन एण्ड सप्लायर्सले आ.ब.२०७८/७९ को दोस्रो किस्ता भुक्तानी गर्ने समय देखि नै समयमा किस्ता भुक्तानी नगरी बिलम्ब गर्दै आएको र हाल पहिलो बर्षको अन्तिम किस्ता रकम तथा हर्जना समेत गरी रु ९५,२६,८८९।००(अक्षेरुपी पन्चानब्बे लाख छब्बीस हजार आठसय उनानब्बे रुपैया मात्र ) दाखिला हुन नआएको अवस्था छ । त्यस्तै सम्झौता बमोजिम मिति २०७९/०२।१५ मा दाखिला हुनुपर्ने आ.ब.०७९।८० र ०८०।८१ को कबोल रकम रु. ९,१५,३१,०००.००(

अक्षेरुपी नौ करोड पन्ध्र लाख एकतीस हजार रुपैया मात्र ) बराबरको बैक जमानत समेत हालसम्म पेश हुन नआएको अवस्था देखियो ।

उपरोक्त सन्दर्भमा छलफल भइ आजको मितिले पन्ध्र दिन अर्थात मिति २०७९।०४।११ भित्र उपरोक्त बमोजिमको अन्तिम किस्ता र बैक जमानत पेश हुन आएमा आय ठेक्का सम्झौतालाई निरन्तरता दिने र तोकिएको समयमा हर्जाना सहितको अन्तिम किस्ता तथा बैक जमानत पेश हुन नआएमा शुरु सम्झौताका बखत दोस्रो पक्षबाट पेश भएको मिति २०७९।०४।१८ सम्म बहाल रहेको रु.३,४०,१३,०००।(अक्षेरुपी तीन करोड चालिस लाख तेह्र हजार रुपैया मात्र ) को बैक जमानत जफत गरी सम्झौताको बुँदा नं ४ बमोजिम बसपार्क सञ्चालन तथा व्यवस्थापन गर्नका लागि मिति २०७८।०४।२५ मा दोस्रो पक्ष श्री आर्जन कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग भएको सम्झौता बदर गर्ने र पुनः नयाँ आय ठेक्का प्रक्रिया अघि बढाउने निर्णय गरियो । यससम्वन्धी जानकारी दोस्रो पक्षलाई दिने समेत सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ८

यस महानगरपालिकाको आवधिक योजनाको प्रारम्भिक प्रतिवेदन तयार भएकाले सरोकारवाला र विज्ञहरु सहित हाल प्राप्त ड्राफ्टलाई बृहद छलफलमा लैजाने निर्णय सर्वसम्मतले गरियो।

निर्णय नं. ९

भरतपुर महानगरपालिकालाई स्मार्ट सिटीको रुपमा अघि बढाउनका लागि प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा प्राविधिकहरु रहेको स्मार्ट सिटी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

भरतपुर महानगरपालिकाको अटोल्याण्ड निर्माणका लागि तयार पारिएको DPR अनुमोदन गर्ने निर्णय सर्वसम्मतले गरियो।

निर्णय नं. ११

भरतपुर महानगरपालिकालाई आवश्यक पर्ने अधिकृतस्तर सातौ तहका सिभिल ईन्जिनियर पद १ र ईलेक्ट्रिकल ईन्जिनियर पद १ करार सेवाबाट पदपूर्ति गर्न करार कर्मचारी भर्ना गर्ने सम्वन्धी कार्यविधि २०७९ बमोजिम पदपूर्ति गर्न निर्णय गरियो ।

निर्णय नं. १२

भरतपुर महानगरपालिकामा कार्यान्वयन भइरहेको सुरक्षित आप्रबासन(सामी )परियोजनाको म्याद समाप्त भइ आगामी बर्षका लागि सुरक्षित आप्रवासन कार्यक्रमका लागि प्राप्त कार्यविधि अनुसार महानगरपालिकाले नै सञ्चालन गर्ने भनी स्थानीय सरकार परियोजना व्यवस्थापन समितिबाट निर्णय भई आएकोले सोका लागि एक जना कार्यक्रम संयोजक पदपूर्ति गर्न सूचना प्रकाशन गर्ने र अर्को व्यवस्था नभएसम्मका लागि साविकमा कामकाज गरिरहेका कार्यक्रम संयोजक-१ , मनोसामाजिक परामर्शकर्ता-१, वित्तीय सारक्षता सहजकर्ता-१, सूचना तथा परामर्शकर्ता -२ र रिटर्नी स्वयंसेवक -२ जनालाई नै निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १३

६ लेन सडक विस्तारका क्रममा भरतपुर महानगरपालिका वडा नं १० बस विला रिजालको घर पूर्णरुपमा हटाउन परेको र उहाँको नेपालमा कहीं कतै पनि जमिन नरहेको भनी मौखिक निवेदन प्राप्त भएकोले निजलाई केन्द्र सरकारमार्फत मुआब्जा माग गर्न र नगरपालिकाबाट समेत सम्बोधन गर्न सकिने भए सो समेतका लागि प्राविधिक अध्ययन गरी प्रतिवेदन पेश गर्न प्रक्रिया अघि बढाउने र अन्य व्यवस्था नभएसम्मका लागि निजको अल्पकालिन बसोबासका लागि करसहित रु १० हजार घरभाडा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४

शिक्षा शाखामा कार्यरत प्राविधिक सहायक मीना सुनार सहायकस्तर पाँचौले मिति २०७९।०९।१३ देखी २०८०।०३।११ सम्म जम्मा ६ महिनाको असाधारण विदा माग गर्नु भएकोले निजको असाधारण विदा स्वीकृत गर्ने निर्णय गरियो ।